# मिति २०८३।०४।२९ गते कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. १, आ.ब. २०८२।०८३ को समिक्षा गरी प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २, चौकुने गाउँपालिका गाउँ कार्यपालिका कार्यालय अन्तरगत कार्यरत देहायका कर्मचारीलाई स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१ बमोजिम बढुवा तथा स्तरवृद्धी गर्ने निर्णय गरियो ।

| क.स. | कर्मचारी नाम | हालको पद।तह | स्तरवृद्धी पछि कायम हुने पद।तह | |
|---|---|---|---|---|
| १ | आशा कुमारी बुढा मगर | शाखा अधिकृत।अधिकृतस्तर सातौ | वरिष्ठ शाखा अधिकृत।अधिकृतस्तर आठौ | |
| २ | जगदिश पाण्डे | शाखा अधिकृत।अधिकृतस्तर सातौ | वरिष्ठ शाखा अधिकृत।अधिकृतस्तर आठौ | |
| ३ | नारायण बास्कोटा | वरिष्ठ लेखा अधिकृत।अधिकृतस्तर सातौ | प्रमुख लेखा अधिकृत।अधिकृतस्तर आठौ | |
| ४ | टेकेन्द्र बहादुर बुढा | वरिष्ठ शिक्षा अधिकृत।अधिकृतस्तर सातौ | प्रमुख शिक्षा अधिकृत।अधिकृतस्तर आठौ | |
| | | | | |
| ५ | बिष्णु कुमार थापा | प्रशासन सहायक।सहायकस्तर तृतीय | प्रशासन सहायक।सहायकस्तर चौथो | |

निर्णय नं३ ., चौकुने गाउँपालिका गाउँ कार्यपालिका कार्यालय, मातहत वडा कार्यालय, स्वास्थ्य संस्थामा कार्यरत सेवा करार कर्मचारीको २०८३ पौष मसान्त सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं. ४, बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ को दफा ७ बमोजिम देहायमा पदाधिकारी रहेको बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यन्वयन सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५, चौकुने गाउँपालिकामा स्थानीय सरकार सञ्चालन ऐनको दफा ८४ उपदफा ४ बमोजिम शाखा अधिकृत पूर्ण बहादुर वि.क.लाई प्रमुख प्रशासकीय अधिकृतको रुपमा खटाइएकोमा कार्यलय प्रमुखको तलब सेवा सुविधा मातहतका कर्मचारीको तलब सेवा सुविधा भन्दा कम देखिएको अवस्थामा पद, जिम्मेवारी, कार्यबोझ, कार्यसम्पादन समेतलाई तलबभत्ता समायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.६, चौकुने गाउँपालिका स्थित सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरुमा रिक्त रहेका देहाय बमोजिम पदमा खुला विज्ञापन मार्फत पदपुर्ती गर्ने निर्णय गरियो ।

निर्णय नं. ७, चौकुने गाउँपालिका अन्तरगत भवन तथा संरचना निर्माण कार्यलाई व्यवस्थित गर्न भवन तथा संरचना निर्माण सम्बन्धी मापपाण्ड, २०८३ र पुराना भवनहरुको अभिलेख व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८३ सर्वसम्मत रुपमा स्वीकृत गरियो ।

निर्णय नं. ८, चौकुने गाउँपालिकाको आ.ब. २०८३।०८४ को खरिद गुरुयोजना र बार्षिक कार्यतालिका तथा कार्ययोजना सर्वसम्मत रुपमा स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं .९, सामूदायिक विद्यालयका आधारभूत तह र माध्यमिक तहमा स्वयम सेवक शिक्षक व्ययस्थापन गर्न

| क्र.स. | संस्था | पद।तह | सेवा समुह | कैफियत |
|---|---|---|---|---|
| १ | सामुदायिक स्वास्थ्य इकाई, कोइरालबास | अहेव।सहायकस्तर चौथो | स्वास्थ्य, हे.ई. | करार अवधी — ६ महिना |
| २ | धामिडाँडा आधारभुत स्वास्थ्य सेवा केन्द्र, चौकुने ७ | अहेव।सहायकस्तर चौथो | स्वास्थ्य, हे.ई | करार अवधी — ६ महिना |
| ३ | विश्व खाद्य कार्यक्रम अनुसार दिवाखाजा कार्यक्रमका लागि | नायब कृषि प्राविधिक।कृषि | कृषि | करार अवधी — ६ महिना |

स्वयम सेवक शिक्षक व्यवस्थापन कार्यविधि २०८३ स्वीकृत गर्ने ।

निर्णय नं. १०, शैक्षिक सत्र २०८३ मा समायोजन भएको विद्यालय श्री ज्ञानोदय प्राथमिक विद्यालय शिवालय चौकुने ९ का शिक्षक श्री मथुरा उपाध्यायलाई मिति २०८३ भाद्र १ गतेबाट लागु हुने गरी बिरगौडा आधारभूत विद्यालयमा हाजिर गराई सेवा निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. ११, विद्यालय दिवा खाजालाई स्थानीय उत्पादनको उपज बनाउनु विश्व खाद्य कार्यक्रम नेपाल र चौकुने गाउँपालिका बिच भएको सम्झौता अनुसारको प्राप्त भएको मिलहरुको हस्तान्तरण गरि सम्झौता गर्नका लागि वडा नै ५, ६, ७ र ८ का कृषि सहकारी कृषक समूहसंग प्रस्ताब माग गर्नका लागि सुचना प्रकाशन गर्ने ।

निर्णय नं. १२, प्रस्ताव नं. १२ माथि छलफल गर्दा चौकुने गाउँपालिका वातावरणीय अध्ययन प्रतिवेदन अवधी रहेका स्थानहरुमा भाद्र महिना भित्र ठेक्का आह्वान गर्ने र वातावरणीय अध्ययन प्रतिवेदन (IEE) नगरिएका म्याद सकिएका स्थानमा वातावरणीय अध्ययन प्रतिवेदन तयार प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. १३, चौकुने गाउँपालिका अन्तरगत कर्णाली प्रदेश सरकारबाट मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगत उक्त आयोजना के, कुन ठाउँमा कार्यान्वयन हुने हो स्पष्ट आयोजनाको नाम र वडा समितिको निर्णय समेत पठाउनको लागि वडा कार्यालयलाई पत्राचार गर्ने निर्णय सर्बसम्मत रुपमा गरियो ।

निर्णय नं. १४, चौकुने गाउँपालिका अन्तरगत कर्णाली प्रदेश सरकारबाट कुमाला खानेपानी योजना चौकुने १० र खारगाडी भूमिगत खानेपानी निर्माण योजना रकम विनियोजन भई आएकोमा आयोजना कार्यान्वयन गर्नुपुर्व आ.ब.२०८३।०८४ बजेट तथा कार्यक्रममा सेवा परामर्शतर्फ विनियोजित रकमबाट रु.५००००० (रु.पाँच लाख मात्र) बाट विस्तृत परियोजन रिपोर्ट (DPR) निर्माण प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. १५, गाउँपालिकाको जग्गा के कति हो एकिन भई नसेको हुदाँ गाउँपालिकाको स्वामित्वमा रहेको जग्गा यकिन गर्न चौकुने गाउँपालिका अध्यक्षको संयोजकत्वमा सर्वदलिय सर्वपक्षिय बैठक आयोजना गर्ने, जग्गा नापजाँच गर्ने, रेखाङ्कन गर्ने गरी समिति गठन गर्ने निर्णय गरियो ।